स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य

मासिक समाचारपत्र

अंक २४, बर्ष १, २०८२ भाद्र ७, Aug 23, 2025

## यस अंकका मुख्य विषयवस्तुहरु

१) खोप कार्यकर्ताको लागी खोप सम्बन्धी पुनर्ताजकी तालिम संचालन।

२) कोभिड खोप संचालन गर्नको लागी जिल्ला खोप समन्वय समिति तथा संचारकर्मीहरुको लागि १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न।

३) कोभिड १९ को खोप अभियान संचालन।

४) बि. एन. एम. टी. नेपालको सहकार्यमा क्षयरोग सम्बन्धी प्यूठान अस्पतालका चिकित्सक तथा बिभिन्न पालिकाका स्वास्थ्यकर्मीहरुकोलागी अभिमुखिकरण कार्यक्रम संचालन।

## खोप कार्यकर्ताको लागी खोप सम्बन्धी पुनर्ताजकी तालिम संचालन

प्यूठान जिल्लाको बिभिन्न पालिकाका स्वास्थ्य संथा अन्तर्गत खोप कार्यकर्ताकोलागी २ दिने खोप सम्बन्धी पुनर्ताजगी तालिम संचालन गरिएको छ। बिषेश गरि धेरै बर्षदेखी प्रतक्ष नियमित खोप संचालन गरिरहेका खोप कार्यकर्ताको लागी पुनर्ताजगी तालिम संचालन गरिएको हो। हाल प्यूठान जिल्लामा २६८ वटा खोप केन्द्र मार्फत हरेक बर्ष करिब ४२०० भन्दा बढी बालबालिकाले खोप सेवा लिदै आएका छन्। साथै गर्भवति महिलाले पनि नियमित रुपमा खोप सेवा लिदै आईरहेका छन्। हालै नेपाल सरकारले किशोरिलाई पनि पाठेघरको मुखको क्यान्सर बिरुद्व खोप दिने निति अनुसार किशोरिले पनि उक्त सेवाबाट लाभ लिने गरेका छन्।







## जिल्ला खोप समन्वय समितिका सदस्य तथा संचारकर्मीहरुको लागी कोभिड १९ खोप अभियान बारे अभिमुखिकरण कार्यक्रम




**“शिशु जन्मेको ६ महिना उमेर पुरा नहुँदा सम्म आमाको दुध मात्र खुवाउनु पर्दछ”।**




0-11 महिना सम्मका बालबालिकाहरुको औषत बृद्धि अनुगमन गरिएको संख्या पालिका अनुसार आ.ब. २०८१-०८२




गर्मी तथा बर्षा याममा डेङ्गी तथा जापानिज ईन्सेफ्लाईटिस जस्ता संक्रामक रोगहरुको बृद्धि बिकास भई मानब स्बास्थ्यमा जोखिम हुने भइकोले सबै सचेत बनौ, आफ्नो घर आँगन सफा राखौ, पानी जम्ने खाल्डाहरु पुरौ, लामखुट्टे भगाउने उपायहरु अपनाऔ र लांमखुट्टेको टोकाईबाट बचौं ।

## कोभिड १९ बिरुद्वको खोप अभियान संचालन

प्यूठान, स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा मिति २०८२।०४।२७-२९ गते सम्म कोभिषड १९ बिरुद्धको खोप संचालन गरिएको छ। उक्त खोप अभियानमा १२ बर्ष भन्दा माथिका सबै लक्षित जनसंख्याले खोप लगाएका थिय, जसमा गर्भवती महिला, जेष्ठ नागरिक, बिद्यालयका शिक्षक-शिक्षिका, स्वास्थ्यकर्मी हरुले पहिलो, पहिलो डोज लगाईसकेकोले दोश्रो, बुस्टर र थप बुस्टर मात्रा प्रदान गरिएको थियो।







**बि. एन. एम. टि. नेपालको सहकार्यमा प्युठान अस्पतालका चिकित्सक तथा स्वास्थ्य संथाका स्वास्थ्य कर्मीहरुलाई क्षयरोग रोकथाम र पहिचान सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन।**







# स्तन पान, अमृत समान

**आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु बिक्रि बितरण नियन्त्रण ऐन २०४९ तथा नियमावली २०५१ ले गरेको ब्यबस्था अनुसार कुनै पनि ब्यक्ति वा संथाले बिना चिकित्सकको अनुमति आमाको दुध पुरै वा आंसिक प्रतिस्थापन गर्ने बस्तुहरु बिक्रि बितरण गर्न निषेध गरिएको छ।**




के तपाँइलाई थाहा छ? शिशु जन्मेपछी २ बर्षसम्मको उमेरसम्म हरेक महिना बृद्धि अनुगमन गर्नु पर्दछ। किनभने २ बर्षको उमेर भित्र बालबालिका जतिबेला पनि कुपोषणको शिकार हुन सक्ने भएकाले तत्कालै उपचार तथा प्रेशण गर्न बृद्धि अनुगमन जरुरी छ।

**बर्षा याममा खाने पानीका मुहानहरु प्रदुषित भई झाडापखाला, हैजा, आँउ, टाईफाईड जस्ता स्वास्थ्य समस्याहरु देखीन सक्ने भएकोले पानि शुद्धिकरणका बिधिहरु जस्तै, उमालेर, क्लोरिन झिल प्रयोग गरेर,मात्र पानी पिउनेगर्नुहुन सबैमा अर्दिक अनुरोध छ।**

## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले यसै आव २०८०।८१ को शुरुवात सँगै शुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको तेईसौं अंक प्रकाशन गर्न लागेको छ । श्राबण महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी आलेखहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु र आगामी दिनमा सन्चालन हुन गईरहेका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको बारेमा र समग्र स्वास्थ्य कार्यालयबाट संन्चालित कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ । यस लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ। ।

**प्रकाशक: स्वास्थ्य कार्यालय प्यूठान, फोन नं ०८६-४६००१०, Email: healthoffice.pyuthan@lumbini.gov.np**